REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40hrs 08.07.2026

<u>मुख्यमन्त्रीले सिक्किमको प्रेस क्लबको नवनिर्वाचित कार्यकारी निकायलाई भेटे</u>

मुख्यमन्त्री प्रेम सिंह तामाङले सिक्किमको प्रेस क्लबको नवनिर्वाचित कार्यकारी निकायसित भेट गर्नुभयो जसको नेतृत्व, अध्यक्ष समीर हाङ लिम्बूले गरेका थिए।

अन्तरक्रियाको क्रममा, श्री तामाङले प्रेस समुदायका सदस्यहरूका लागि सरकारले प्रदान गरिरहेको विभिन्न सुविधा र कल्याणकारी उपायहरूको वर्तमान स्थितिको बारेमा सोधपुछ गर्नुभयो। मुख्यमन्त्रीले नवनिर्वाचित कार्यकारी निकायलाई हार्दिक बधाई दिँदै 17 जुलाईमा हुने उनीहरूको आगामी स्थापना दिवसको सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो।

डा. इन्द्र हाङ सुब्बाले केन्द्रीय गृह सचिव गोविन्द मोहनलाई भेटे

सिक्किमका लोकसभा सांसद डा. इन्द्र हाङ सुब्बाले केन्द्रीय गृह सचिव गोविन्द मोहनलाई भेटे र धेरै प्रमुख मुद्दाहरूबारे अभ्यावेदन पेश गरे । बैठकको क्रममा, डा. सुब्बाले सीमाको रणनीतिक महत्त्व र कठिन भूभागलाई ध्यानमा राख्दै सिक्किममा भारत-नेपाल सीमामा रणनीतिक सडकहरूको विकासलाई प्राथमिकता दिन मन्त्रालयलाई आग्रह गरे। उनले सीमा क्षेत्रमा तैनाथ सशस्त्र सीमा बलका कर्मचारीहरुलाई राम्रो पूर्वाधार र लजिस्टिक सहयोग प्रदान गर्ने महत्त्वमा जोड दिए।

बैठकमा सिक्किम विधानसभामा लिम्बु र तामाङ अनुसूचित जनजातिहरूको लागि सीट आरक्षणको लामो समयदेखिको विचाराधीन मुद्दामा पनि छलफल गरिएको थियो।

11 देखि 13 जुलाई सम्म NH10 को सडक बन्द गर्ने घोषणा

NHIDCL राष्ट्रिय राजमार्ग तथा पूर्वाधार विकास निगम लिमिटेड (NHIDCL) ले आपतकालीन मर्मत कार्य गर्न र चालकहरूको सुरक्षा सुनिश्चित गर्न 20 माइल बरदाङमा राष्ट्रिय राजमार्ग दसको एक सड़क-खण्ड अस्थायी रूपमा बन्द गर्ने घोषणा गरेको छ । 11 देखि 13 जुलाईमा बिहान 5 देखि 10 बजे सम्म यो खण्ड सबै सवारी साधनहरूको लागि बन्द रहनेछ। स्रोतहरूले, आपतकालीन मर्मत कार्य जारी रहेकाले यसो गर्नु आवश्यक रहेको भनेका छन् । यस समयमा ट्राफिक जाम र सुरक्षा जोखिम हुने अधिकारीहरूले अनुमान गरेका छन्।

भाजपा सिक्किमले आज आयुष्मान भारतको उपलब्धि तथ्याङ्कलाई प्रकाश पार्यो

भाजपा सिक्किमले आज आयुष्मान भारत योजनाका उपलब्धिहरूलाई प्रकाश पार्दै प्रधानमन्त्री नरेन्द्र मोदीको प्रमुख स्वास्थ्य सेवा पहलले राज्यमा किफायती स्वास्थ्य सेवा सम्म पहुँचमा उल्लेखनीय सुधार गरेको बताएको छ।

पार्टीले भन्यो, यो योजनाले सूचीबद्ध गरिएका अस्पतालहरू मार्फत प्रति योग्य परिवारलाई वर्षेनी 5 लाख रुपियाँ सम्मको स्वास्थ्य बीमा कभरेज प्रदान गर्दछ।

यसले भन्यो, सिक्किममा यस योजना अन्तर्गत निनाब्बे हजार दुइ सय सत्ताइस लाभार्थीहरू दर्ता भएका छन् र तेरह हजार पचास ज्येष्ठ नागरिकहरूलाई विस्तारित स्वास्थ्य सेवा पहल अन्तर्गत समेटिएको छ,भने चार हजार सरसठी आशा र आंगनवाडी कार्यकर्ताहरूलाई पनि यसको स्वास्थ्य कभरेज अन्तर्गत ल्याइएको छ।

त्रिलोक र अद्वैती सुब्बाले पाँचौं राष्ट्रिय तेक्वान्दो पुम्से च्याम्पियनसिपमा सिक्किमको प्रतिनिधित्व गर्ने तय भएको छ

सिक्किमका बाबु-छोरी तेक्वान्दो जोडी, ग्रान्ड मास्टर त्रिलोक सुब्बा र अद्वैती सुब्बाले भोलिदेखि 11 जुलाईसम्म महाराष्ट्रको पुणेस्थित छत्रपति शिवाजी स्टेडियममा आयोजना हुने पाँचौं राष्ट्रिय तेक्वान्दो पुम्से च्याम्पियनसिपमा सिक्किमको प्रतिनिधित्व गर्नेछन् ।

आठौं Dan ब्ल्याक बेल्टका अन्तर्राष्ट्रिय खेलाडी त्रिलोक सुब्बाले पुरुषको 60 वर्ष मुनिको व्यक्तिगत र टिम पुम्से प्रतियोगितामा प्रतिस्पर्धा गर्नेछन् भने तेस्रो Dan ब्ल्याक बेल्ट अद्वैती सुब्बाले महिलाहरुको 30 वर्ष मुनिको व्यक्तिगत र टिम प्रतियोगितामा भाग लिनेछिन्।

## DAC नाम्चीले आज नीति तारा प्राप्त गर्यो

जिल्ला प्रशासनिक केन्द्र (DAC), नाम्चीले आज जिल्लापाल अनुपा ताम्लिङको उपस्थितिमा शैक्षिक परामर्शदाता भारत लिमिटेड, EDCIL का प्रतिनिधिहरूबाट विश्लेषण, समीक्षा र कार्यको लागि विशेष टूलकिट NITI TARA प्राप्त गर्यो। नीति आयोगद्वारा विकसित, नीति तारा सजिलै लैजान सकिने, एक प्लग-एन्ड-प्ले गभर्नेन्स टूलकिट हो जुन जिल्ला र ब्लक स्तरहरूमा प्रमाण-आधारित योजना र डेटा-संचालित निर्णय प्रक्रियालाई बलियो बनाउन तयार पारिएको हो।

सुश्री ताम्लिङले पहलको प्रशंसा गर्दै, टूलकिटले जिल्लामा डेटा-संचालित शासन विधि लाई अझ बलियो बनाउनेछ, भनिन् ।

## गान्तोकमा हरित पदयात्रा

सिक्किम पर्यावरण पर्वको चौथो संस्करणको उपलक्ष्यमा वन तथा पर्यावरण विभागले आज 'The Green Walk' को आयोजना गर्यो।

यसलाई सिक्किम सरकारका वन तथा पर्यावरण मन्त्री पिन्ट्सो नामग्याल लेप्चाले गान्तोकको TITANIC पार्कबाट झण्डा देखाएर शुरुवात गरेका थिए।